का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ चैत २०७९,
शुक्रबार
17 March 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ५१ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



विश्वकप छनोटमा पुगेपछि त्रिवि क्रिकेट मैदानमा खुशी साट्दै खेलाडीहरु ।







आइसीसी क्रिकेट विश्वकप लिग टूको अन्तिम खेल हेर्न पुगेका दर्शकहरु, स्थान : त्रिवि क्रिकेट मैदान कीर्तिपुर ।

# नेपाललाई अविश्वसनीय सफलता

### बिहीबार आईसीसी क्रिकेट विश्वकप लिग टूको अन्तिम खेलमा यूएईलाई ९ रनले हराउँदै नेपालले एकदिवसीय विश्वकप छनोटमा स्थान बनाएको हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ चैत ।

आईसीसी विश्वकप क्रिकेट लिग टू अन्तर्गत त्रिदेशीय एकदिवसीय शृंखलाको अन्तिम खेलमा नेपालले संयुक्त अरब इमिरेट्स (यूएई) लाई पराजित गर्दै जिम्बावेमा आयोजना हुने विश्वकप छनोटको यात्रा तय गरेको छ । कीर्तिपुरस्थित टियु क्रिकेट मैदानमा बिहीबार भएको खेलमा यूएईलाई डीएल पद्दतिको आधारमा ९ रनले हराउँदै नेपालले एकदिवसीय विश्वकप छनोटमा स्थान बनाएको हो ।

लिगको अन्तिम खेल भएकाले खेलाडीलाई हौसला दिन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड क्रिकेट मैदानमा पुगेका थिए । उनीसँगै राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासहितका विशिष्ट व्यक्तिलगायत हजारौं दर्शकहरु खेल हेर्न क्रिकेट मैदानमा पुगेका थिए ।

यूएईले दिएको ३११ रनको विशाल लक्ष्य पछ्याउने क्रममा नेपालले ४४ ओभरमा छ विकेटको क्षतिमा २६९ रन बनाएको थियो । त्यसपछि पर्याप्त प्रकाश नभएका कारण अम्पायरले खेल रोकेपछि नेपाल डीएल पद्दतिको आधारमा विजयी भएको हो ।

नेपालका लागि कुशल भुर्तेल, आरिफ शेख, भीम सार्की र गुलशन झाले अर्धशतकीय इनिङ खेले । कुशलले ५० रन बनाए भने आरिफले ५२ रन तथा भीमले ६७ रनको योगदान दिए । गुलशन ५० रनमा अविजित रहे ।

त्यसैगरी कप्तान रोहित पौडेल १६ रनमा आउट हुँदा कुशल मल्लले पाँच रन जोडे । दीपेन्द्रसिंह ऐरी १० रनमा अविजित रहे । यूएईका जुनेद सिद्दिकीले तीन विकेट लिए । त्यस्तै आयान अफजल खानले दुई तथा जाहोर खानले एक विकेट झारे ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको यूएईले ५० ओभरमा ६ विकेट गुमाएर ३ सय १० रन बनाएको थियो । एकदिवसीयमा नेपालविरुद्ध कुनैपनि टोलीले बनाएको यो सर्वाधिक ठुलो योगफल हो । यस अघि नेपालविरुद्ध पीएनजीले २ सय ९२ रन बनाएको थियो ।

यूएईका लागि आसिफ खानले शतकीय इनिङ खेले । विस्फोटक ब्याटिङ गरेका उनले ४२ बलमा ११ छक्का र ४ चौकासहित अविजित १ सय १ रन बनाए । यस्तै भ्रित्य अरबिन्दले ९४ रनको अर्धशतकीय इनिङ खेल्दा कप्तान मुहमद वासिमले ६३ रनको अर्धशतकीय इनिङ खेले । रोहन मुस्तफा २० रनमा आउट भए । सिपि रिजवान ७, आर्यन लाक्रा ६ र आयन अफजल खान ३ रनमा आउट भए ।

नेपालका दीपेन्द्र सिंह ऐरीले २ विकेट लिए । ललित राजवंशी, सन्दीप लामिछाने र सोमपाल कामीले १/१ लिए ।

यूएईलाई हराएसँगै नेपाल लिग टू को तेस्रो स्थानमा रहँदै विश्वकप छनोटमा पुग्न सफल भयो । सन् २०१९ बाट शुरु भएको लिग टू मा नेपालले ३६ खेलमा ४० अंक जोड्यो । यूएईले ३६ खेलमा ३३ अंक जोडेर छैटौं स्थानमा रहदै लिग टू को अन्त्य गरेको छ ।

लिग टू को उपाधि स्कटल्याण्डले जित्यो । शीर्ष स्थानमा रहेको स्कटल्याण्डले पृष्ठ २ मा

### ठाउँ ठाउँमा दीप प्रज्वलन

नेपालले विश्वकप छनोटमा स्थान बनाएको खुसीयालीमा देशका बिभिन्न ठाउँमा दीप प्रज्वलन भएको छ । युवाहरूले दीप प्रज्वलन गरेका हुन् ।

कैलालीको पहलमानपुरमा खेलकुद प्रेमी युवाहरूले दीप प्रज्वलन गरेर नेपालको जितमा खुसीयाली मनाए ।

## वैदेशिक रोजगार विशेष

### वैदेशिक रोजगारीमा जानेलाई झन्झट र दु:ख नदिन प्रधानमन्त्री दाहालको निर्देशन

**काठमाडौं/रासस–** प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले वैदेशिक रोजगारीमा जानेहरुलाई अनावश्यक दु:ख नदिन गृहमन्त्रालय मातहत निकायहरूलाई निर्देशन दिएका छन् । गृह मन्त्रालय मातहतको विकास समस्या समाधान समितिको बैठकलाई बिहीबार सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले वैदेशिक रोजगारीमा जाँदा अनेकौं समस्या भोग्नुपरेको गुनासो आएको भन्दै सो निर्देशन दिएका हुन् ।

‘वैदेशिक रोजगारीमा जाने युवाले पासपोर्ट बनाउँदा, स्वास्थ्य परीक्षण गर्दा, अभिमुखीकरण तालिम लिँदादेखि अध्यागमनसम्म पाउने दु:ख जटिल छ,’ प्रधानमन्त्री दाहालले भने, ‘कानून र विधिअनुसार हुने कुनै पनि काम नरोकियोस् । दु:ख दिने, आलटाल गर्ने, ढिलासुस्ती गर्ने कामको अनुगमन र नियन्त्रण होस् ।’ पृष्ठ २ मा

### ओभरटाइमलाई बाध्यकारी नबनाउन दूतावासलाई संघको ध्यानाकर्षण

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मलेसियास्थित नेपाली दूतावासलाई सम्भावित ओभरटाइमलाई समावेश गरेर मागपत्र प्रमाणीकरण गर्ने प्रचलनले कामदारमा भ्रम सिर्जना गरेको भन्दै त्यस्तो अभ्यास स्थगन गर्न माग गरेको छ ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीले मलेसियास्थित नेपाली दूतावासलाई पत्र पठाउँदै उक्त माग गरेका हुन् । पत्रमा संघका अध्यक्ष भण्डारीले पृष्ठ २ मा

## आत्मनिर्भरताको घोषणा बोलीमै सीमित

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २ चैत ।

कोरोनाको प्रभाव, भ्रष्टाचार र बढ्दो अनियमितताका कारण शिथिल बनेको अर्थतन्त्र सुधारका लागि सरकारले विभिन्न क्षेत्रलाई आत्मनिर्भर बनाउने योजना अघि सारेपनि उक्त विषय भने बोलीमै सीमित भएको छ । देशको अर्थतन्त्र सुधारका लागि विभिन्न योजना बनाउने तर कार्यान्वयन पक्ष भने फितलो हुँदा आत्मनिर्भर बनसक्ने क्षेत्र समेत अन्यौलमा परेका हुन् । कृषि, मासु, अण्डा, प्याज, दुध, अलैचीँ, जुत्ताचप्पल, रंग (पेन्ट्स) उद्योग, सिमेन्ट र जस्तापाता आदि उद्योगमा आत्मनिर्भर बन्न सकिने सरकारको योजना अलपत्र परेको हो ।

नेपाललाई कृषिमा आत्मनिर्भर बनाउने घोषणा गरेको २० वर्ष भएपनि वर्षेनि करिब ४ खर्बको कृषिजन्य वस्तु आयात हुन्छ । अर्कातिर उत्पादित कृषि उपजले बजार नपाउँदा स्वदेशी उत्पादन सडकमा फालेर कृषकहरुले पटकपटक आन्दोलन गर्दै आईरहेका छन् । उत्पादन गरेका उखु किसान, तरकारी किसान, फलफूल किसानले बजारमूल्य नपाएर आन्दोलित गर्नुपरेको छ । आर्थिक वर्ष ०६३/०६४ मै पाँच वर्षसम्म प्याजमा आत्मनिर्भर पृष्ठ २ मा

## चुनिँदै नयाँ उपराष्ट्रपति

### नेपालको संवैधानिक प्रावधानअनुसार उपराष्ट्रपतिको तेस्रो निर्वाचन हुन लागेको हो । मुलुक संघीय लोकतान्त्रिक शासन व्यवस्थामा प्रवेश गरेपछि पहिलो उपराष्ट्रपतिको निर्वाचन भएको थियो । पहिलो उपराष्ट्रपतिमा परमानन्द झा निर्वाचित भएका थिए । दोस्रो निर्वाचनबाट उपराष्ट्रपतिमा नन्दबहादुर पुन निर्वाचित भएका थिए ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २ चैत ।







आज उपराष्ट्रपतिको निर्वाचन । मतदान लगत्तै मुलुकले नयाँ उपराष्ट्रपति पाउनेछ । दल दलीय सत्तागठबन्धन रामसहायप्रसाद र नेकपा एमालेका तर्फबाट अष्टलक्ष्मी शाक्य उपराष्ट्रपति पदमा मुख्य प्रतिस्पधर्धी छन् । तर, उम्मेदवार अन्य दुई जना पनि छन् । राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन अधिकृतको कार्यालयका अनुसार जसपाका रामसहायप्रसाद यादव र प्रमिला कुमारी उम्मेदवार छन् । प्रमिला कुमारीले उम्मेदवारी फिर्ता लिएको घोषणा गरेकी छन् । तर, उम्मेदवारी फिर्ता लिने समय भन्दा ढिला भनेकोले उनको उम्मेदवारी कायमै छ ।

मालेबाट अष्टलक्ष्मी शाक्यका अलावा जनमत पार्टीबाट पृष्ठ २ मा

### पुनले छाडे सरकारी निवास

उपराष्ट्रपति नदबहादुर पुनले लैनचौरस्थित उपराष्ट्रपति निवास छाडेका छन् । उनी बिहीबार नै काठमाडौंको दहचोकस्थित निजी निवासमा सरेका हुन् ।

उपराष्ट्रपति पुन उपराष्ट्रपति निवासबाट चन्द्रागिरी नगरपालिका-१ दहचोकस्थित निजी निवासमा सरेका हुन् । नयाँ उपराष्ट्रपति चयन हुनु अगावै उनले सरकारी निवास छाडे । उपराष्ट्रपति निवासको पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
३ चैत २०७९, शुक्रबार
17 March 2023, Friday

# संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमाथि आयोगको ध्यानाकर्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ चैत

राष्ट्रिय मानवअधिकार आयोगले संक्रमणकालीन न्यायसँगसम्बन्धी विधेयक सरोकारवालासँग छलफल नगरी संघीय संसदमा दर्ता गरिएको भन्दै ध्यानाकर्षण गराएको छ। आयोगका सहायक प्रवक्ता एवम् उपसचिव श्यामबाबु काफ्लेले बिहीबार एक विज्ञप्ति जारी गर्दै बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकमाथि आवश्यक छलफल र परामर्श नगरी संसदमा लगेको आरोप लगाएका हुन्।

सरकारले गएको फागुन २५ गते बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद् सचिवालयको प्रतिनिधिसभाको विधेयक शाखामा दर्ता गराएको थियो।

आयोगले उक्त विधेयक दर्ता गराएकोप्रति गम्भीर आपत्ति जनाएको छ। आयोगले यसअघि साउनमा संक्रमणकालिन न्यायसम्बन्धि




विधेयकबारे १२ बुँदे सिफारिस गरेको थियो। जसमा विधेयकको परिभाषा, क्षमादान, अभियोजन, हदम्याद, आयोगहरूको गठन र नियुक्ति प्रक्रिया, बालसैन्य अदालतको क्षेत्राधिकार लगायत विषय थिए।

आयोगले विज्ञप्तिमा भनेको छ, 'विषयगत संसदीय समितिको तत्काल गठन भई व्यापक छलफलबाट प्राप्त सुझावहरूसहित संघीय संसद्मा छलफल हुनुपर्नेमा हतारमा संघीय संसद् सचिवालयमा दर्ता भएको अवस्थाले पीडितले न्यायको अनुभूति गर्नसक्ने, कानून निर्माण हुने कुरामासमेत आशंका उत्पन्न भएको छ।' सरकारले विधेयक संसद्मा लैजाने क्रममा सरोकारवालासँग आवश्यक परामर्श नगरेको आयोगको भनाइ छ। विज्ञप्तिमा भनिएको छ,'विधेयकको मस्यौदाउपर राष्ट्रिय मानव अधिकार आयोग, द्वन्द्वपीडित एवम् सङ्क्रमणकालीन न्यायको क्षेत्रमा क्रियाशील संस्थाहरूसँग समेत पर्याप्त छलफल तथा परामर्श बिना सरकारले संघीय संसद् सचिवालयमा उक्त विधेयक दर्ता गरेकोमा पीडिहरूको समेत गम्भीर आपति र आक्रोश रहेको आयोगले गरेको छलफलको क्रममा पाइएको छ। पीडितको न्याय प्राप्त गर्ने हकको सुनिश्चितता हुने गरी संक्रमणकालीन न्याय प्रक्रिया छिटो टुंगोमा पुऱ्याउनुपर्दछ भन्नेमा आयोग सदैव दृढ रहेको छ।'

आयोगले सरकार तथा सम्बद्ध पक्षलाई द्वन्द्वपीडितलाई न्याय सुनिश्चित गर्ने व्यवस्था गर्न पनि आग्रह गरेको छ।

'अतः पीडितको न्याय प्राप्त गर्ने हक कुण्ठित हुनसक्नेतर्फ सचेत हुन, विषयगत समितिहरूको तत्काल गठन गरी व्यापक छलफल गर्न, सर्वोच्च अदालतको आदेश र यस आयोगले विगतमा पटक-पटक गरेका सिफारिस बमोजिम ऐन निर्माण गर्न र भविष्यमा द्वन्द्व नदोहोरिने प्रत्याभूति गराउने एवम् अन्तराष्ट्रिय मापदण्ड र मूल्य मान्यता अनुकूल हुने गरी विधेयकको संशोधन हुन आयोग नेपाल सरकार, राजनीतिक दल तथा सम्बद्ध सबै पक्षको ध्यानाकर्षण गराउँदछ,' विज्ञप्तिमा भनिएको छ।

## नेपाललाई...

५० अंक जोड्यो। ओमान पनि ४४ अंक जोडेर दोस्रो स्थानमा रहँदै विश्वकप छनोटमा पुगिसकेको छ।

विश्वकप छनोट आगमी जुन जुलाईमा जिम्बावेमा हुनेछ। यूएई, नामिबिया, अमेरिका र पपुवा न्युगिनीले प्लेअफ क्वालिफायर खेल्नुपर्ने भएको छ। नामिबियामा यसै महिना अन्तिममा हुने प्लेअफमा शीर्ष दुईमा पर्न सके पुनः विश्वकप छनोट खेल्न पाउनेछन्।

जिम्बावेमा आगमी जुन जुलाईमा हुने छनोटमा कुल १० टोली हुन्छन्। विश्वकप छनोटमा सुपर लिग-२ का पुछारका पाँच टोली, लिग २ का शीर्ष तीन टोली नेपाल, ओमान र स्कटल्यान्ड र प्लेअफ क्वालिफायरमा शीर्ष दुई टोली गरि कुल १० टोली हुनेछन्।

जिम्बावेमा हुने छनोटमा कुल १० टोलीलाई दुई समूहमा विभाजन गरिनेछ। जसबाट हरेक समूहबाट शीर्ष तीन तीन टोली सुपर सिक्समा स्थान बनाउँछन्। सुपर सिक्समा एक अर्कासँग खेलेपछि शीर्ष दुईमा रहने टोलीले आगमी अक्टोबर नोभेम्बरमा भारतमा हुने एकदिवसीय विश्वकप खेल्न पाउनेछन्।

## वैदेशिक...

अध्यागमन प्रशासनबाट प्रदत्त सेवाले देशको प्रथम मुहार प्रतिविम्बित गर्ने हुँदा सो कार्यमा सक्षम उच्च नैतिक आचरणयुक्त जनशक्ति परिचालन गर्ने र विद्यमान विद्युतीय प्रणालीको स्तरोन्नति गरी पूर्ण प्रयोग गर्नुपर्नेमा प्रधानमन्त्रीको जोड छ।

सार्वजनिक सेवा प्रवाहको वर्तमान सरकारी शैलीलाई परिष्कृत र वैज्ञानिक बनाइ नागरिकता, राहदानी र राष्ट्रिय परिचयपत्र लिँदा नागरिकहरूले महसुस गरिरहेको झन्झट र ढिलासुस्तीको अन्त्यका लागि प्रभावकारी कदम चाल्न पनि प्रधानमन्त्री दाहालले निर्देशन दिए।

प्रधानमन्त्री दाहालले मन्त्रालयको वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमका बाँकी काम समयमै सम्पन्न गर्न, मुलुकको शान्ति सुरक्षा तथा अपराध नियन्त्रण तथा विकास निर्माणमा सहजीकरण गर्नसमेत निर्देशन दिए।

प्रधानमन्त्री दाहालले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, सेवा प्रवाह र सुशासन कायम गर्ने सवालमा आगामी दिनमा लाग्न आग्रह गरे। उनले भने, 'यसका साथै केही विषयमा अझ सक्रियताका साथ कार्यसम्पादन गर्न पनि म निर्देशित गर्दछु,' प्रधानमन्त्री दाहालले भने, 'गृह प्रशासनसँग सम्बन्धित विद्यमान नीति तथा कानूनलाई समसामयिक बनाउनेतर्फ आफू लाग्न र कार्य सञ्चालनसँग सम्बन्धित निर्देशिका, दिग्दर्शन र कार्यविधि तर्जुमा एवं परिमार्जन तत्काल गर्न जरुरी छ। देशको अर्थतन्त्रमा देखा परेका समस्यासँगै लघुवित्त तथा सहकारी र बैंक तथा वित्तीय क्षेत्रमा बचतकर्ता र ऋणिका तर्फबाटसमेत व्यक्त भएका आक्रोश एवं केही अवाञ्छित गतिविधि, स्वतन्त्र विद्यार्थी युनियनको चुनाव लगायतका विषयमा सबै सुरक्षा निकायले गम्भीरतापूर्वक मनन गरी समग्र शान्ति सुरक्षाको भरपर्दो व्यवस्था मिलाउन निर्देशन दिन्छु।'

प्रधानमन्त्री दाहालले गृहमन्त्रालयले अपराध नियन्त्रण, अनुसन्धान र अभियोजनलाई छिटोछरितो र विश्वसनीय बनाउनुपर्ने भन्दै आपराधिक घटना नियन्त्रणका साथै माफिया, बिचौलिया, दलाली, घुसखोरीजस्ता बेथिति र विसंगतिको अन्त्य गर्नेतर्फ ध्यान दिनुपर्ने उल्लेख गरे।

प्रधानमन्त्री दाहालले सीमा व्यवस्थापन एवं राजस्व चुहावट नियन्त्रण कार्यमा थप जिम्मेवार भएर काम गर्न, सीमास्तम्भको संरक्षण र मर्मतसम्भार गर्ने कार्यलाई प्राथमिकतामा राख्न मातहतका निकायलाई निर्देशन दिए।

मन्त्रालयले राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीका लागि नागरिकको विवरण संकलन कार्यलाई आगामी वर्षभित्र सक्ने गरी कार्य योजना बनाई काम गर्नेछ। मन्त्रालयले राष्ट्रिय परिचयपत्र छपाई र बितरणलाई छिटोछरितो बनाउने र राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीसँग अन्य सेवा प्रदायक निकायका विद्युतीय प्रणालीलाई छिटो आवद्ध गरी सेवा प्रवाहलाई सरलीकरण गर्ने भएको छ। सबै स्थानीय तहहरूलाई सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीमार्फत वितरण गर्न लगाउने र सामाजिक सुरक्षा भत्ता विद्युतीय भुक्तानी प्रणालीमार्फत भुक्तानी गर्न पनि प्रधानमन्त्री दाहालले निर्देशन दिए।

## आत्मनिर्भरताको...

हुने लक्ष्यसहित प्याज मिसन कार्यक्रम सञ्चालन गरेको सरकारले १६ वर्ष भईसक्दा समेत प्याजमा नेपाललाई आत्मनिर्भर बनाउन सकेको छैन। उत्पादनको क्षेत्रफल बढाउन नसक्दा भारत, चीन, अष्ट्रेलिया लगायतबाट नेपालमा प्याजको आयातमा वृद्धि भएको हो। तथ्यांक नै हेर्ने हो भने पनि आर्थिक वर्ष २०७४/०७५ मा चार अर्ब ८५ करोड ३७ लाख मूल्य बराबरको प्याज आयात भएको थियो भने आर्थिक वर्ष २०७८/०७९ सम्म आइपुग्दा ६ अर्ब ४५ करोड ५३ लाख ७५ हजार रुपैयाँको प्याज नेपालमा भित्रिएको छ। आम्दानी प्राप्त गर्न लामो समय लाग्नु, सिचाइँ, अनुदानको व्यवस्था नहुनु र कृषकलाई स्थानीय सरकारले समेत प्रोत्साहन गर्न नसक्दा नेपाल प्याजमा आत्मनिर्भर हुनसकेको छैन।

त्यस्तै, तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ साल चैतमा दूधमा मुलुक आत्मनिर्भर भएको गरेपनि आत्मनिर्भरको घोषणा कागजी मात्रै भएको पुष्टि भएको छ। भारत लगायतका विभिन्न देशबाट निरन्तर पाउडर दुध, दुधजन्य पदार्थको आयात भएपछि आत्मनिर्भरता बोलीमा मात्रै सीमित भएको पुष्टि भएको हो। वार्षिक साढे सात करोड बढी माग हुने जुत्ताचप्पल व्यवसायलाई आत्मनिर्भर बनाउने सरकारको योजना बोलीमै सीमित भएको छ। विदेशी जुत्ताचप्पलको आयात बढी हुँदा र नेपाली उत्पादनको प्रयोगमा जनतालाई राज्यले प्रोत्साहन गर्न नसक्दा व्यवसाय संकटमा परेको जुत्ताचप्पल उद्योग संघका अध्यक्ष दक्षमणि अधिकारी बताउँछन्। बाहिरबाट जुत्ता ल्याएर अर्के ब्राण्ड टाँसी बिक्री गर्ने प्रवृत्तिका कारण व्यवसायी मारमा परेको र देश आत्मनिर्भर बन्न नसकेको उनी बताउँछन्।

सरकारप्रति घट्दै गएको जनविश्वास, घरजग्गा र गाडी किन्ने कर्जामा गरेको कडाइ, घरजग्गा व्यवसायमा परेको प्रभाव, तीनवटै तहका सरकारले लागू गरेको कर वृद्धिका कारण नागरिकमा परेको मनोवैज्ञानिक असर, अनौपचारिक अर्थतन्त्रलाई औपचारिक बनाउन प्यान लिन लगाउने लगायतका अप्ठेरा व्यवस्थाका कारण कुनैपनि क्षेत्रमा नेपाल आत्मनिर्भर बन्न नसकेको व्यवसायीको गुनासो छ। तर पनि, तीन तहका सरकार नै जनतालाई आश्वासन दिने तर योजनाको कार्यान्वयनमा भने जिम्मेवार देखिदैँनन्।

## ओभरटाइमलाई...

कामदारको मागपत्र प्रमाणीकरण गर्दा करारपत्रमा न्यूनतम तलब सुविधा उल्लेख गर्ने प्रचलन रहेको स्मरण गराउँदै मलेसियास्थित नेपाली दूतावासले भने मागपत्र प्रमाणीकरण गर्दा अनुमानित ओभरटाइमसमेत उल्लेख गर्ने गरेकोले त्यसलाई कामदारले अनिवार्य ओभरटाइमका रूपमा बुझेकोले समस्या उत्पन्न भएको बताएका छन्।

मलेसियामा सेक्युरिटी गार्डको रोजगारीमा जाने कामदारको हकमा ओभरटाइम उल्लेख गर्नु स्वभाविक मानिए पनि अन्य कामदारहरूले कम्पनीको अवस्था र मलेसियाको श्रम कानूनअनुसार मात्रै ओभरटाइम पाउने संघले दूतावासलाई ध्यानाकर्षण गराएको महासचिव मेघनाथ भुर्तेलले बताए।

त्यसैगरी संघले आउट सोर्सिङ सर्भिस सेक्टरका लागि मलेसियाबाट आउने महिला कामदारको मागपत्र प्रमाणीकरण अवरुद्ध हुँदा डाइरेक्ट एप्रुभलबाट महिला कामदार लैजान चाहने राम्रा कम्पनीको समेत मागपत्र प्रमाणीकरण रोकिएको भन्दै डाइरेक्ट एप्रुभलबाट आएका महिला कामदारको मागपत्र प्रमाणीकरण गर्न माग गरेको छ।

त्यसैगरी संघले प्रमाणीकरण गर्न दूतावासमा दर्ता भएका मागपत्र लामो समयसम्म प्रमाणीकरण नभएको गुनासो आएको भन्दै एक हप्ताभित्र प्रमाणीकरण गरी अनलाइन गर्ने व्यवस्था मिलाउन र अनलाइन प्रमाणीकरणको जानकारी रोजगारदातालाई समेत दिन आग्रह गरेको छ।

संघले मलेसियाको फरेन वर्कर म्यानेजमेन्ट सिष्टमअन्तर्गत रहेका बायोमेट्रिक मेडिकलबाट स्वास्थ्य परीक्षण गरी फिट भएका कामदार मलेसियाको फोमेमामा परीक्षण गर्दा अनफिट भई फर्किने नेपाली कामदारको संख्या ठूलो देखिएकाले त्यस्ता मेडिकलको गुणस्तरका विषयमा सम्बन्धित निकायमा कुटनैतिक पहल गर्नसमेत दूतावासलाई आग्रह गरेको छ।

## चुनिंदै...

ममता झा पनि उपराष्ट्रपतिको उम्मेदवार छन् जनमत पार्टी सत्ता गठबन्धनमा आवद्ध छ। सत्ता गठबन्धन्धनमा आवद्ध नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टीले रामशहाय प्रसाद यादवलाई आधिकारि उम्मेदवार भनेका छन्। तर, जनमत पार्टी लगायतका दलले मानेनका छैनन्।

नेपालको संवैधानिक प्रावधानअनुसार उपराष्ट्रपतिको तेस्रो निर्वाचन हुन लागेको हो। मुलुक संघीय लोकतान्त्रिक शासन व्यवस्थामा प्रवेश गरेपछि पहिलो उपराष्ट्रपतिको निर्वाचन भएको थियो। पहिलो उपराष्ट्रपतिमा परमानन्द झा निर्वाचित भएका थिए। दोस्रो निर्वाचनबाट उपराष्ट्रपतिमा नन्दबहादुर पुन निर्वाचित भएका थिए।

यसपटकको निर्वाचनको अघिल्लो दिन विज्ञप्ती निकालेर निर्वाचन आयोगले उपराष्ट्रपति पदको निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको जनाएको छ। नयाँ बानेश्वरस्थित संघीय संसद् भवनमा शुक्रबार उपराष्ट्रपतिका लागि मतदान हुनेछ। संसद् भवनको ल्होत्से हलमा दुई मतदान केन्द्रको व्यवस्था गरिएको छ।

बिहान १० देखि दिउँसो ३ बजेसम्म मतदानको व्यवस्था मिलाइएको छ।

सहायक निर्वाचन अधिकृत अमृताकुमारी शर्मा भन्छिन्, 'मतपत्र आइसकेको छ।' संघीय संसद्का सदस्य र प्रदेशसभा सदस्यका लागि छुट्टाछुट्टै मतदान केन्द्रको व्यवस्था गरिएको छ। संघीय संसद्का सदस्यले संसद् भवनको मूल गेटबाट प्रवेश गरेर मतदान गर्नेछन् भने प्रदेशसभाका सदस्यले बगैँचा तर्फको हरियो गेटबाट प्रवेश गरेर मतदान गर्ने व्यवस्था मिलाइएको छ।

निर्वाचन आयोगले उपराष्ट्रपति निर्वाचन, २०७९ का लागि दुई प्रकारको मतपत्रको व्यवस्था गरेको छ। संघीय संसद्का सदस्यले मतदान गर्ने प्रयोजनका लागि रातो मसी र प्रदेशसभा सदस्यले मतदान गर्ने प्रयोजनका लागि हरियो मसीले मतपत्र छपाइ गरिएको छ। मतपत्रमा उम्मेदवारको तस्बिर र नाम समावेश गरिएको छ।

संघीय संसद् र प्रदेशसभाका सदस्यले मतपत्रमा रहेका कुनै एक उम्मेदवारको तस्बिर र नाम अंकित रहेको कोठामा स्वस्तिक छाप लगाई मत संकेत गर्नुपर्नेछ। उपराष्ट्रपतिको निर्वाचनमा संघीय संसद् र प्रदेशसभाका सदस्य मतदाता रहेका छन्। संघीय संसद् सदस्यको मतभार ७९ र प्रदेशसा सदस्यको मतभार ४८ रहेको छ।

मतदान सम्पन्न भएलगत्तै मतगणना सुरु गर्ने तयारी गरिएको छ। सहायक निर्वाचन अधिकृत शर्माका अनुसार आजै मुलुकले नयाँ उपराष्ट्रपति पाउनेछ। उनी भन्छिन्, 'मतदानपश्चात् तत्काल मतगणना हुन्छ। साँझ ६ बजेसम्म निर्वाचन परिणाम सार्वजनिक गर्ने तयारी गरेको छौं।'

उपराष्ट्रपतिको निर्वाचन संघीय संसद्का सदस्य र प्रदेशसभा सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुनेछ। संघीय संसद्का तीन सय ३२ र प्रदेशसभाका पाँच सय ५० सांसदले मात्र निर्वाचनमा मतदान गर्न पाउँछन्।

## पुनले....

आवश्यक मर्मत तथा सरसफाइ सहजताका लागि पुनले सरकारी निवास खाली गरिदिएको उपराष्ट्रपति पुनमा प्रेस संयोजक मनोज घर्तीमगरले जानकारी दिए। तथापि, निर्वाचित नयाँ उपराष्ट्रपतिले पदभार ग्रहण नगर्दासम्म पुन निजी निवासबाटै उपराष्ट्रपति कार्यालयमा आउजाउ गर्नेछन्।

# सभामुख घिमिरे स्वदेश फिर्ता




**काठमाडौं/मस–** संघीय संसद प्रतिनिधि सभाका सभामुख देवराज घिमिरे अन्तर व्यवस्थापिका संघको १४६औं महासभामा सहभागी भई स्वदेश फिर्ता भएका छन्। स्वदेश फर्किए लगत्तै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको मिडिया कक्षमा पत्रकारसँग कुरा गर्दै उनले महासभाको उद्घाटनको अर्को दिन नेपालका तर्फबाट सम्बोधन गर्ने क्रममा संसदको भूमिका, संघीय संसदको दोस्रो निर्वाचनपछि गर्ने काम र संविधानलगायतका बारेमा आफ्ना कुरा राखेको जानकारी दिए।

फागुन २७ देखि चैत १ गतेसम्म बहराइनको मानामामा आयोजना भएको उक्त महासभामा सहभागी हुन सभामुख घिमिरे नौ सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै फागुन २६ गते त्यसतर्फ प्रस्थान गरेका थिए। महासभामा सभामुख घिमिरेले 'प्रमोटिङ, पिसफूल को-एग्जिस्टेन्स एण्ड इनक्लुसिभ सोसाइटिजः फाइटिङ इनटलरेन्स' विषयमा जनरल डिबेटमा संघीय संसदका तर्फबाट आफ्नो वक्तव्य प्रस्तुत गरेका थिए। महासभा अवधिभर प्रतिनिधिमण्डलले विभिन्न बैठकमा भाग लिएको थियो। महासभामा सभामुख घिमिरेले अष्ट्रेलिया र अजरबैजानका सभामुखसँग शिष्टाचार भेट गरेका थिए। उनले बहराइनमा रहेका नेपाली कामदारसँग पनि भेटघाट गरेका थिए।

प्रतिनिधिमण्डलमा प्रतिनिधिसभाका सांसद रमेश लेखक, हितराज पाण्डे, सन्तोष परियार, राष्ट्रियसभाका सांसद इन्दु कडरिया, संघीय संसद्का महासचिव डा भरतराज गौतम, प्रतिनिधिसभाका सचिव गोपालनाथ योगी, सभामुखका स्वकीय सचिव तेजप्रकाश भट्टराई र संघीय संसद् सचिवालयका शाखा अधिकृत राजन घिमिरे छन्। महासभाको १४७औं सभा अफ्रिकाको अङ्गोलाको लुवाण्डामा सम्पन्न गर्ने निर्णय भएको छ।

# चौथो पटकमा सांसद हुने अवसर



**काठमाडौं/मस–**जनता समाजवादी पार्टी(जसपा)नेपालले मञ्जुअन्सारीलाई प्रतिनिधि सभा सदस्यको लागि सिफारिस गरेको छ। बिहीबार बसेको जसपाको केन्द्रीय कार्यकारिणी समितिको बैठकले अन्सारीलाई समानुपातिक सांसदका लागि सिफारिस गर्ने निर्णय गरेको हो। अन्सारी समानुपातिक सूचीमा सामेल भएको चौथो पटकमा बल्ल सांसद बन्न सफल भएकी हुन्।

पार्टीका सांसद शहनाज रहमानको निधन भएपछि प्रतिनिधि सभातर्फको एक पद रिक्त छ। मुस्लिम क्लस्टरको दोस्रो स्थानमा रहेकी अन्सारी सप्तरी निवासी हुन्।

पहिलो र दोस्रो संविधानसभा निर्वाचनका साथै २०७४ को निर्वाचनमा पनि उनको नाम समानुपातिक सूचीमा राखिएको थियो। तर कहिल्यै उनले सांसद बन्ने मौका पाइनन्।

२०७९ मा पनि जसपाले उनको नाम समानुपातिक सूचीमा राख्यो तर मुस्लिम क्लस्टरको पहिले नम्बरमा शहनाज रहमानको नाम रहेका कारण अन्सारी चुनिन पाइनन्। अनिस अन्सारीसँग तत्कालीन नेपाल सद्भावना पार्टीमा सक्रिय रहेकी मञ्जु शर्मा अन्सारी २०५८ को आम चुनावमा रौतहटबाट उम्मेदवार बनेकी थिइन्। तर उनी एमालेका वंशीधर मिश्रसँग पराजित भएकी थिइन्।

# त्रिवेणी आदर्शको सभापतिमा भण्डारी निर्विरोध

**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, २ चैत



बझाङको बुङ्गल नगरपालिकाको बिजगडामा रहेको त्रिवेणी आदर्श क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) सभापतिमा करिना भण्डारी निर्विरोध निर्वाचित भएकी छिन्। त्रिभुवन विश्वविद्यालय मातहत रहेको त्रिवेणी आदर्श क्याम्पसमा चैत ५ गते हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनका लागि नेविसंघ र अखिल क्रान्तिकारीको संयुक्त प्यानलको एकल उम्मेदवारी परेपछि भण्डारीको प्यानल निर्विरोध चयन भएको हो।

क्याम्पसमा स्ववियु उपसभापतिमा समानुपातिकबाट अखिल क्रान्तिकारीकी सन्तोषी ओखेडा, सचिवमा प्रत्यक्षबाट अखिल क्रान्तिकारीकी सुनिता बोहरा, सहसचिवमा समानुपातिक नेविसंघबाट मनिषा कुमारी कार्की, उपाध्यक्षमा प्रत्यक्षबाट नेविसंघकी एलिना कुमारी धामी निर्विरोध चयन भएको निर्वाचन अधिकृत डम्बर बहादुर कार्कीले बताए।

यस्तै, बबिता कामी, बबिता कुमारी सिंह, डम्मरा कार्की प्रत्यक्ष नेविसंघबाट सदस्य र सुनिता कुमारी गुर्धामी, कोपिला कुमारी ठगुन्ना, अखिल क्रान्तिकारीबाट प्रत्यक्ष सदस्यमा चयन भएका छन्।

नेविसंघबाट समानुपातिक सदस्य आशिका बोहरा, कमला बोहरा, बिस्ना धामी र पार्वती जोशी रहेकी छिन् भने अखिल क्रान्तिकारीकी शुशिला गुर्धामी स्ववियु समानुपातिक सदस्य निर्विरोध चयन भएकी छिन्।

उक्त क्याम्पसले मनोमानी सर्वदलीय बैठकको निर्णयबिना नामावलीउपर दावीविरोधको निवेदनलाई समेत मतलव नगरी आफ्नो ढंगले विद्यार्थी संगठनको सहमतीविरुद्ध नामावली प्रकाशन गरेको भन्दै स्ववियु निर्वाचनमा भाग लिनका लागि दर्ता गरिएका चार वटा विद्यार्थी संगठनहरुले संयुक्त रुपमा विज्ञप्ती निकाल्दै क्याम्पसमा ताला लगाएका थिए। तर विद्यार्थीहरुको पढाइ प्रभावित भएको गुनासो आएपछि ताला खोलिएको थियो।

जिल्लामा स्ववियु निर्वाचनमा भने नेविसंघ र अखिल क्रान्तिकारी र एमाले निकट अनेरास्ववियु र एस निकट अनेरास्ववियु बीच गठबन्धन भएको छ। यस्तै, अन्य त्रिभुवन विश्वविद्यालय मातहत रहेका थलारा बहुमुखी क्याम्पस थलारा खोली, शान्ति आदर्श क्याम्पस छबिसपाथिभेरा गाउँपालिका ५ ब्याँसी, सेती क्याम्पस बगडगाउँ छबिसपाथिभेरा गाउँपालिका १, बझाङदीप क्याम्पस केदारस्युँ गाउँपालिका ९ झोता, सुनकुडा क्याम्पस सुनकुडा बित्थडचिरगाउँपालिका ९, खापरदेव क्याम्पस कालुखेती खप्तडछान्ना गाउँपालिकामा रहेका क्याम्पस भने स्ववियु निर्वाचन हुँदैछ।

निर्वाचनका लागि विद्यार्थी संगठन र निर्वाचन टोली तयारी तीव्ररुपमा गरिरहेको छ। सुदूरपश्चिम विश्वविद्यालय मातहत रहेको जिल्ला एक मात्रै क्याम्पस जयपृथ्वी बहुमुखी क्याम्पस भने चैत ८ गते स्ववियु निर्वाचन हुँदैछ। उक्त निर्वाचनका लागि विद्यार्थी संगठनहरूले उम्मेदवारी दर्ता गराइसकेका छन्।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना
यस कार्यालयमा मिति २०७१/०९/०४ मा दर्ता भएको **प्रा.लि.नं. १२९८०१** को **शेराफाँट कृषि फार्म प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१२/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना
यस कार्यालयमा मिति २०७१/०९/०४ मा दर्ता भएको **प्रा.लि.नं. १२९८०० को चन्द्र भैरब कृषि फार्म प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१२/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# स्ववियु निर्वाचन : मौन अवधि शुरु

मध्यान्ह संवाददाता
काठमाडौं, २ चैत




त्रिभुवन विश्वविद्यालय (त्रिवि)का क्याम्पसमा हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा मौन अवधि शुरु भएको छ। स्ववियु निर्वाचन आचारसंहिताअनुसार बिहीबार राति १२ बजेदेखि मौन अवधि शुरु भएको छ। त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले उम्मेदवारले बिहीबार राति १२ बजेदेखि स्ववियु चुनावको प्रचार-प्रसार गर्न नपाउने बताए।

उनले निर्वाचन हुनुभन्दा ४८ घण्टा अगाडि प्रचार-प्रसार बन्द गरिएको जानकारी दिए। बिहीबार रातिदेखि आचारसंहिता लाग्ने भएपछि सम्बन्धित क्याम्पसले उम्मेदवारको प्रचार-प्रसारका लागि एउटा कार्यक्रम गरी परिचयात्मक कार्यक्रम राखेका थिए।

यही चैत ५ गते हुने स्ववियु निर्वाचनका लागि पाँच दिनको लागि मात्र प्रचार-प्रसारको समय छुट्याइएको थियो। निर्वाचनका लागि यही फागुन २७ गते उम्मेदवार मनोनयनपत्र दर्ता गरिएको थियो।

स्ववियु निर्वाचन आचारसंहितामा प्रचार-प्रसार गर्नका लागि रङरोगन र कुनै पनि प्रकारको पोष्टर टाँस्न नपाइने तथा निर्वाचनसम्बन्धी कुनै पनि तुल, फ्लेक्स र कुनै प्रकारको पोष्टर टाँस्न नपाइने उल्लेख गरिएको छ। उम्मेदवारले आफ्नो निर्वाचन घोषणापत्र र उम्मेदवारको नामावलीको एफोर साइजको एकै रङ भएको पर्चामात्र प्रचार-प्रसार गर्न पाइने आचारसंहितामा उल्लेख गरिएको छ।

अध्यक्ष, सचिव र कोषाध्यक्ष तथा ५० प्रतिशत सदस्य प्रत्यक्ष निर्वाचन प्रणाली र उपाध्यक्ष, सहसचिव र ५० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुनेछन्। स्ववियु निर्वाचनका लागि ६२ आङ्गिक र एक हजार ४० क्याम्पसमा एकै साथ यही चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म मतदान हुने छ।

### मतदान केन्द्र यी सामान लैजान प्रतिबन्ध


त्रिभुवन विश्वविद्यालयले स्ववियु निर्वाचनको मतदान केन्द्रमा मोबाइलदेखि पानीका बोतल लैजान निधेष गरेको छ। निर्वाचनलाई भयरहित बनाउनका लागि त्रिविले मोबाइल, पानीका बोतल, जार तथा घरेलु हातहतियार मतदान केन्द्रमा लैजान प्रतिबन्ध लगाएको हो।

स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिका सदस्यसचिव पशुपति अधिकारीले निर्वाचनलाई भयरहित बनाउनका लागि तरल, धातुजन्य वस्तु, डिजिटल वस्तु र आगोजन्य वस्तु मतदान केन्द्रमा लैजान निषेध गरिएको बताए। उनका अनुसार पानीका बोतल, पेट्रोल, डिजल, मादक पदार्थ, औषधिजन्य वस्तु, सिसाका बोत्तल, रङ, मसी लैजान निषेध गरिएको छ।

यस्तै धातुजन्य वस्तुमा नङकट, धारिलो हतियार, भाला, खुकुरी, छुरी, चक्कु, डिजिटल वस्तुमा मोबाइल, क्यामेरा, झोला, लौरो, हेल्मेट, छाता, चाबी, रेकर्डर, साइकल तथा मोटरसाइकलको चेनसमेत लैजान प्रतिबन्ध गरिएको छ। यस्तै लाइटर, सलाई, ग्यासजन्य वस्तु पनि लैजान प्रतिबन्ध गरिएको छ। उनले त्रिविअन्तर्गतका सबै क्याम्पसमा रहेका निर्वाचन समितिलाई प्रतिबन्धित वस्तु लैजान निषेध गर्न निर्देशनसमेत दिइसकेको जानकारी दिए।

# कर्णालीमा ३८ हजार बढीले एसईई दिँदै

कुलेन्द्र शाही/मध्यान्ह
सुर्खेत, २ चैत



यसवर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा कर्णाली प्रदेशबाट ३८ हजार बढीले परीक्षा दिने भनेका छन्। कर्णालीका १० जिल्लाका छात्रछात्रा गरी कुल ३८ हजार ९ सय ७० परीक्षार्थी सहभागी हुन लागेका हुन्।

जसमा छात्र १९ हजार ३ सय एक र छात्रा १० हजार ६ सय ६९ जना रहेको शिक्षा विकास निर्देशनालय कर्णाली प्रदेश सुर्खेतले जनाएको छ। यस्तै नियमित परीक्षा दिने परीक्षार्थीको संख्या ३७ हजार नौ सय रहेको छ, भने नियमितको साधारणतर्फ ३६ हजार ७ सय ५५ र प्राविधिक तर्फ १ हजार एक सय ४५ छन्। नियमितको छात्रहरूमा १८ हजार ७ सय ७२ रहेकोमा छात्रातर्फ १९ हजार १ सय २८ रहेको शिक्षा विकास निर्देशनालय सुर्खेतका आठौं अधिकृत एवं सूचना अधिकारी लोकप्रसाद पौडेलले मध्यान्हलाई जानकारी दिए। उनकाअनुसार यस्तै कर्णालीमा ग्रेडवृद्धिको परीक्षा दिनेको संख्या भने न्यून रहेको निर्देशनालयले जनाएको छ। जसमा ग्रेड वृद्धितर्फ छात्र ५ सय २९ र छात्रातर्फ ५ सय ४१ गरी एक हजार ७० जना रहेका छन्। यस वर्षको एसईईको परीक्षामा सबैभन्दा बढी परीक्षार्थी सुर्खेतमा रहेका छन्। जसमा सुर्खेतमा ३२ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ। जिल्लामा यसपालि ग्रेड वृद्धि र प्राविधिक तर्फका विद्यार्थीलाईसमेत सँगै राखेर परीक्षा सञ्चालन गरिने भएको छ।

योवर्ष जिल्लाभर नौ हजार एक सय ३९ जनाले परीक्षा दिने भएका छन्। नियमितमा ८ हजार ७ सय ५७ र ग्रेड वृद्धिका ३ सय ८२ परीक्षार्थीले यस वर्षको एसईईको परीक्षा दिन लागेको पौडेलले जानकारी दिए। जिल्लामा नियमितको साधारण र प्राविधिकतर्फको कुल ८ हजार ७५७ जना र ग्रेड वृद्धिको १ सय ८६ छात्र र १ सय ९६ छात्रा गरी ३ सय ८२ जना परीक्षार्थीले परीक्षा दिनेछन्। सुर्खेतका तीन वटा माध्यमिक विद्यालयले प्राविधिक कक्षा सञ्चालन गरे पनि प्राविधिकतर्फ विद्यार्थीको संख्या न्यून रहेको छ। सुर्खेतमा माध्यमिक विद्यालयको संख्या १ सय ६३ रहेको छ। जसमा ५१ संस्थागत र १ सय १२ सामुदायिक रहेका शिक्षा विकास तथा समन्वय एकाइ सुर्खेतले जनाएको छ।

यस्तै, यस वर्षको एसईईमा जाजरकोटमा २० परीक्षा केन्द्रमा ४ हजार ६ सय ५६ जना परीक्षार्थीले परीक्षा दिने भएका छन्। जसमा नियमितको साधारणतर्फ २ हजार २ सय २३ छात्र र २ हजार २ सय ३० छात्र गरी ४ हजार ५ सय ५३ र प्राविधिकतर्फ २४ छात्र र ३५ छात्रा गरी ५९ जना रहेको निर्देशनालयले जनाएको छ। जिल्लामा ग्रेड वृद्धितर्फको साधारण र प्राविधिकतर्फको छात्र १८ र छात्रा २६ गरी जम्मा ४४ जना परीक्षार्थीले परीक्षा दिन पाउनेछन्।

यस्तै दैलेखमा २४ परीक्षा केन्द्र तोकिएकोमा नियमितको साधारण र प्राविधिक गरी ५ हजार ३ सय २३ र ग्रेड वृद्धिको साधारण र प्राविधिक गरी ४ सय १२ जनाले यस वर्षको परीक्षा दिन पाउनेछन्। जिल्लामा २ हजार ७ सय १५ छात्र र ३ हजार २० छात्रा गरी जम्मा ५ हजार ७ सय ३५ जना परीक्षार्थी परीक्षामा सहभागी हुनेछन्। यस्तै जुम्लामा जम्मा परीक्षार्थीको संख्या २ हजार ८ सय ७७ छन् भने जिल्लामा १७ वटा परीक्षा केन्द्र तोकिएको छ। यस्तै जिल्लामा नियमितको साधारणतर्फ छात्र १ हजार ३ सय ८१ र छात्रा १ हजार ३ सय १८ गरी २ हजार ६ सय ९९ जना, प्राविधिकतर्फ ६९ जना छात्र र ६० छात्रा रहेको सूचना अधिकारी पौडेलले जानकारी दिए।

उनकाअनुसार जिल्लामा ग्रेड वृद्धितर्फ साधारण र प्राविधिकतर्फ २५ छात्र र २४ छात्रा गरी ४९ जना परीक्षामा सहभागी हुनेछन्।

यस्तै, कालिकोटमा ३ हजार ७ सय ६६ जनाले यस वर्षको एसईईको परीक्षा दिने भएका छन्। जसमा नियमितको साधारण र प्राविधिकतर्फ ३ हजार ६ सय २१ र ग्रेड वृद्धिको साधारण र प्राविधिकतर्फ ४५ जना परीक्षार्थीले परीक्षा यस वर्षको माध्यमिक शिक्षा परीक्षा एसईई दिने बताइएको छ। जसमा १ हजार ९ सय ३ छात्र र १ हजार ८ सय ६३ छात्र सहभागी हुनेछन्। यस्तै, सबैभन्दा कम डोल्पाबाट यस वर्षको एसईईको परीक्षामा परीक्षार्थी सहभागी हुन लागेको छन्। जसमा १ हजार ९ सय ३ छात्र र १ हजार ८ सय ६३ छात्रा गरी जम्मा ६ सय ९८ जना परीक्षार्थी परीक्षामा सहभागी हुने अधिकारी पौडेलले बताए।

उनकाअनुसार जिल्लामा ४ वटा मात्रै परीक्षाकेन्द्र तोकिएको छ। यस पटक डोल्पामा ग्रेड वृद्धिमा कुनै पनि परीक्षार्थी नरहेको उनले जानकारी दिए। यस्तै, मुगुमा ७ परीक्षाकेन्द्रमा ८ सय छात्र र ८ सय ६६ जना छात्रा गरी १ हजार ६ सय ६६ जना परिक्षार्थीहरुले परीक्षा दिन पाउँने भएका छन्।

जसमा नियमितको साधारण र प्राविधिक गरी १ हजार ६ सय ४५ र ग्रेड वृद्धिको साधारण र प्राविधिकमा ११ छात्र र १० छात्रा गरी २१ जना परीक्षार्थीले परीक्षामा सहभागी हुनेछन्। यस्तै, डोल्पापछि सबैभन्दा कम हुम्लामा परीक्षाकेन्द्र र परिक्षार्थी रहेका छन्। जसमा हुम्लामा ६ वटा परीक्षाकेन्द्र ताकिएकोमा ६ सय ६० छात्र र ५ सय ७४ छात्रा गरी १ हजार २ सय ३४ जना परीक्षार्थीहरू परीक्षामा सहभागी हुनेछन्। यस्तै जिल्लामा नियमितको साधारण र प्राविधिकतर्फको १ हजार २२८ परीक्षार्थी यस वर्षको एसईई दिनेछन्। यस्तै, कर्णालीको सबैभन्दा दोस्रो बढी परीक्षार्थी सल्यानमा रहेका छन्। जिल्लामा २५ परीक्षा केन्द्रमा २ हजार ३ सय ८५ छात्र र २ हजार ५ सय ९८ गरी ४ हजार ९ सय ८३ जनाले परीक्षा दिने भएका छन्।

जसमा नियमितको साधारण र प्राविधिक तर्फ ४ हजार ९ सय १४ र ग्रेड वृद्धिको साधारण र प्राविधिकतर्फ ३२ छात्र र ३७ छात्रा गरी ६९ जना परीक्षार्थी यस पटकको एसईई परीक्षामा सहभागी हुने पौडेलले जानकारी दिए। यस्तै रुकुम पश्चिममा २३ वटा परीक्षा केन्द्रमा २ हजार ७२ छात्र र २ हजार १ सय ४४ छात्रा गरी जम्मा ४ हजार २ सय १६ जना परीक्षा दिने भएका छन्। जिल्लामा नियमितको साधारण र प्राविधिक तर्फको ४ हजार १७४ र ग्रेडवृद्धिको १९ छात्र र २३ छात्रा गरी जम्मा ४२ जना परीक्षार्थीले यस वर्षको एसईई परीक्षा दिने उनले जानकारी दिए।

राष्ट्रिय परीक्षा बोर्डले यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई)को समयतालिका सार्वजनिक गरिसकेको छ। परीक्षा चैत १७ देखि २९ गतेसम्म सञ्चालन हुने छ। तालिकाअनुसार आगामी चैत १७ गते शुक्रबार अनिवार्य अंग्रेजी विषयको परीक्षा हुनेछ। सोही दिन वेदविद्याश्रमतर्फ अनिवार्य संस्कृत भाषा र साहित्यको पनि परीक्षा हुनेछ। चैत १९ गते अनिवार्य गणित र २० गते अनिवार्य नेपालीको परीक्षा हुनेछ।

# पढाइ निजीमा, परीक्षा सरकारीमा



राम पुकार यादव/मध्यान्ह
सिराहा, २ चैत

वर्षभरि निजी विद्यालयमा रकम तिर्ने र परीक्षा सामुदायिक विद्यालयमा दिने प्रवृत्तिले सामुदायिक विद्यालय घाटामा जान थालेको छ। स्थानीय तहले सामुदायिक विद्यालयमा गरिने सहयोग र अनुदानको उपभोग निजी विद्यालयहरुले सहजै रुपमा गरिरहेको छ। पालिकाको सार्वजनिक स्रोत साधन निजी विद्यालय र त्यसका विद्यार्थीहरुले सहजै रुपमा उपभोग गरिरहँदा सामुदायिक विद्यालय र त्यस विद्यालयमा अध्यनरत विद्यार्थीको सुविधामा कटौती भएको छ।

हालै संचालनमा रहेका वार्षिक परीक्षामा सिराहास्थित विभिन्न सामुदायिक विद्यालयहरुमा निजी विद्यालयका विद्यार्थीहरुले परीक्षा दिइरहेका छन्।

सिराहाको विष्णुपुर गाउँपालिकास्थित श्री जनता माध्यमिक विद्यालय राजपुरको वार्षिक परीक्षामा मिर्चैया नगरपालिकास्थित चानक्य बोर्डिङ स्कुलका विद्यार्थीहरुले परीक्षा दिएका हुन्। ती निजी विद्यालयका विद्यार्थीहरुबाट वर्षभरि चर्को शुल्क विद्यालयले उठाएर परीक्षा भने सामुदायिक विद्यालयबाट दिलाएका छन्।

सामुदायिक विद्यालयको विद्यार्थीहरुले निःशुल्क रुपमा पाउने कापी, किताबको सुविधामा मात्र नभइ सामुदायिक विद्यालयको शिक्षक गार्डहरुबाट सुविधा पाएका छन्। सामुदायिक विद्यालयको कोषबाट गार्डहरुले गार्ड भत्ता पाउने अनि निजी विद्यालयको विद्यार्थीहरुलाई स्थानीय तहको स्रोत साधनबाट खरिद गरिएको कापी, किताब उपलब्ध गराउने प्रवृत्तिले सामुदायिक विद्यालय संकटमा पर्न थालेका छन्।

यसले राज्यले सामुदायिक विद्यालयमा लगानी गरेको बजेट रकमहरु दुरुपयोग भइरहेको सहजै बुझ्न सकिन्छ। यस विषयमा सामुदायिक विद्यालयमा लगानी गर्ने स्थानीय तहहरुले मौनता देखाउनु हुँदैन। बरु चासो लिई सार्वजनिक बजेट निजीकरण हुनबाट जोगाउन जोड दिनुपर्ने सरोकारवालहरु बताउँछन्।

### अन्योलमा अभिभावकहरू

गाँजिएको शिक्षा व्यवस्था जहाँ धेरै निजी विद्यालयहरु दर्ता बिनै सञ्चालनमा छन्। पाँच कक्षा दर्ता भएको निजी विद्यालयहरुले गैरकानुनी रुपले दश कक्षा चलाइरहेका छन्। पाँच कक्षा भन्दा बढीका विद्यार्थी अभिभावकहरुसँग वर्षैभरि दर्ता नभएको निजी संस्थाको माध्यमबाट पढाइको नाममा अवैध शुल्क असुली गर्छन्। परीक्षाको बेला अब कहाँ कुन स्कुलबाट कसरी परीक्षा दिलाउने भन्ने अन्योलमा हुन्छन्। अन्तिममा सामुदायिक विद्यालयहरुलाई गुहार्छन्। सामुदायिक विद्यालय र निजी विद्यालयको मिलोमतो हुन्छ। पैसाको चलखेल हुन्छ। सामुदायिक विद्यालयहरुले आफ्नै सार्वजनिक रकमले खरिद गरिएको परीक्षा सामग्रीहरुले निजी विद्यालयका विद्यार्थीहरुलाई परीक्षा दिन सहयोग गर्छन्। यसरी सार्वजनिक सम्पतिको दुरुपयोग हुने गरेको छ।

## Kuwait मा रोजगार | १. कम्पनी : NESTO HYPERMARKET COMPANY WLL

पूर्व स्वीकृत मितिः २०७९/१२/०२ चलानी नं.: ६०१९८२१९ L.T. No.: 282823

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | WAREHOUSE WORKER | 0 | 30 | स. काममा दक्ष | 120 | ५१,५६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत १० गते (24 March 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोगंबु, काठमाडौं, फोन : ४४२२२७६, ४४२२२८६

## मलेसियामा रोजगारको अवसर | कम्पनीः AA COMMERCIAL SECURITY SDN BHD
शहरः MALAYSIA

पूर्व स्वीकृत मितिः २०२२/१२/१४ चलानी नं.: ६०१९३३५५ LT. No.: 277761 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 65 | 0 | स. काममा दक्ष | 1500 | ४३,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत १० गते (24 March 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Frontline Recruitment Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646, 4593647
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/१२/०३**

**एडभान्स एक्जिविशन सर्भिस प्रा.लि.** को मिति २०७९/११/२३ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **भाजु इन्टरनेशनल ट्रेडिङ्ग प्रा.लि. (प्रा.लि.नं.: २४९५३६)** कायम गर्ने गरी मिति २०७९/१२/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६७/१०/०४ मा दर्ता भएको **प्रा.लि.नं. ७९६९५** को **सेती ट्रेड लिंक प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१२/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

स्वामीकार्तिक खापर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सुईजीउला वाई, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## स्वामीकार्तिक गाउँपालिकावासिलाई जानकारी मुलक सन्देश।

**बाढी पहिरोको जोखिमबाट बच्ने र बचाउने उपाय।**
**बाढी पहिरोको बेला निम्न कुरामा ध्यान दिऔं।**

क. ठुलो पानी परे पछि जमिन कमजोर हुने भएकाले भिरालो जमिनमा बस्दा उच्च सर्तकता अपनाउनु पर्छ।
ख. मोवाईल फोन नियमित चार्ज गरेर राखौं।
ग. रेडियो र टेलीभिजनबाट आउने वर्षा र वाढि पहिरो सम्बन्धी खवर सन्देश ध्यान दिएर सुनौं।
घ. पहिले पहिरो गएका ठाउँमा फेरी पनि पहिरो जाने सम्भावना धेरै हुने भएकाले त्यस्तो ठाउँको पहिचान गुर्नु पर्ने र सर्तकता अपनाउनु पर्छ।
ङ. ठुलो पानी परीरहे जोखिमयुक्त क्षेत्र नजिक भए नसुति चनाखो भई राख्नु पर्छ।
च. घर भत्कीए जनधनको क्षति हुने भएकाले घर बाहिर निस्कीएर बस्नु पर्छ।
छ. समूहमा बस्नु पर्छ किन भने विपतको बेलामा समूहमा बस्दा एक अर्कालाई सहयोग गर्न सजिलो हुन्छ।
ज. सम्भव भए सम्म सञ्चार माद्यम र सूचना प्रवाह गर्ने निकायसंग नियमित सम्प्रकमा बसौं। यसले उद्धार तथा राहात वितरणमा सहज हुन्छ।
झ. देशै भरी मनसुन सक्रिय रहेकाले बाढि, डुवान र पहिरोको जोखिमयुक्त स्थानमा सावधानी अपनाऔं।
ञ. उच्च जोखिममा रहेका वस्तिहरु पहिचान गरी सुरक्षित स्थानमा स्थान्तरण गरौं।
ट. आपतकालिन अत्यावश्यक सामाग्री जस्तै खानेकुरा, कपडा, औंषधी र पानीको जोहो गरी सुरक्षित स्थानमा राखौं।
ठ. बालवालिका, जेष्ठ नागरीक, गर्भवति तथा सुत्केरी र अपाङ्गता भएका व्यक्तिहरुको सुरक्षामा विशेष ध्यान दिऔं।
ड. बाढि पहिरोको जोखिमबाट हाम्रो गाउँपालिका पनि प्रभावित हुदा सवैंले सुरक्षित भएर बसौं।
ढ. भिरालो जमिनमा बसोबास नगरौं, पहिरो रोकाथामका लागि वृक्षारोपण गरौं, वर्षायाममा पहिरो जाने ठाउँको बसोबास बन्द गरौं।



मध्यान्ह
www.madhyanhadaily.com



## सम्पादकीय

# बढेको दायित्व

एक दिवसीय क्रिकेटमा नेपाल विश्वकप छनोटमा पुगेको छ । अब नेपालले जिम्बाबेमा हुने छनोट खेल खेल्नेछ र त्यहाँ पनि आवश्यक जित निकाल्न सफल भए विश्वकप खेल्नेछ । यो सफलता निकाल्ने क्रममा बिहीबार घरेलु मैदान कीर्तिपुरमा नेपालले यूएईलाई नौ रनले पराजित गऱ्यो । टस जितेर पहिले ब्याटिङ गरेको यूएईले ३११ रनको विशाल लक्ष्य दिएको थियो । युएईका ब्याट्सम्यानले अन्तिममा बिस्फोट ब्याटिङ गर्दा नेपालले पाएको विशाल लक्ष्य भेटाउन मुस्किल जस्तै देखिएको थियो । किनकि एक दिवसीय क्रिकेटमा त्यति ठूलो लक्ष्य नेपालले अहिलेसम्म भेटाएको छैन । तर जवाफी ब्याटिङमा नेपालका ब्याट्सम्यानहरूले उत्कृष्ट प्रदर्शन गरे । शुरूवातमा लगातार विकेट गुमेपनि सम्हालिएर ४४ ओभरमा ६ विकेट गुमाउँदै २६९ रन बनायो । यो अवस्था भनेको खेलमा नेपाल हाबी हुने अवस्था बन्दै थियो । तर साँझ बढ्दै गएको र मौसममा आएको समस्याले लाइट नपुगेको भन्दै खेल स्थगित भयो ।

खेल रोकिनुको पूरापुर लाभ नेपालले उठायो । डीएलएस विधि अनुसार, नेपाल ९ रनले खेल जित्दै जिम्बाबेमा हुने विश्वकप छनोटमा पुग्यो । यो खुशियाली मनाउन हजारौं दर्शक कीर्तिपुर मैदान पुगेका थिए । खेल हेर्न भनेरै राजधानी बाहिरका दर्शक समेत काठमाडौं आएका थिए । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड आफै मैदानमा पुगेर खेलाडीहरूलाई हौसला दिएका थिए । खेलाडीहरूले पनि दर्शक र शुभेच्छुकहरूलाई निराश बनाएनन् । यो सफलता दिलाउन नेपाली क्रिकेट टीमले बितेको एक महिनामा एकपछि अर्को अविश्वासनीय जित निकाल्यो । अन्तिम १२ मध्ये ११ खेल जित्नु सामान्य सफलता होइन ।

अझ त्यसअघिका नेपालको नतिजा, क्रिकेट टीममा आएको समस्या अनि प्रतिस्पर्धीहरू तुलनात्मक बलिया हुनुले नेपालले आफ्नो एक दिवसीय मान्यता जोगाउनै नसक्ने चिन्ता थियो । १२ मध्ये कम्तिमा ९ खेल जित्दा मात्रै नेपालको एक दिवसीय मान्यता जोगिने थियो । तर सनसनीपूर्ण खेल खेलेर नेपालले नामिबिया, अमेरिका र युएईलाई पछि पार्दै विश्वकप छनोटमै स्थान बनायो । यो सफलतापछि नेपाली दर्शक हौसिएका छन् भने खेलाडी, प्रशिक्षक र टीम व्यवस्थापकको प्रशंसा भइरहेको छ । प्रधानमन्त्री प्रचण्ड मात्रै नभएर अरू राजनीतिक नेताहरूले पनि शुभेच्छा प्रकट गरेका थिए भने जितेपछि बधाई दिएका छन् । तर यतिमै नेतृत्वको दायित्व सकिदैन । बरू अहिलेजस्तो तीन महिनासम्म खेलकुद मन्त्री नै नियुक्त नगर्ने, आवश्यक भौतिक पूर्वाधार तयार नपार्ने र क्रिकेट टीममै राजनीति गर्ने प्रवृत्ति परित्याग गर्नुपर्ने दबाव बढ्छ । थप अगाडि सफलता निकाल्न नेतृत्वले खुशीले मिलेको दंगसँगै जिम्मेवारी भूमिका निर्वाह गर्न आवश्यक छ । नेपाली क्रिकेट टीमलाई अविश्वासनीय जितका निम्ति हार्दिक बधाई !

# प्रचण्डविरुद्धको मुद्दा र राजनीतिक धुव्रिकरण

*प्रचण्डविरुद्ध जसरी मुद्दा पऱ्यो त्यसले माओवादीहरूलाई एकजुट हुने सन्देश दिएको छ । माओवादी पक्षधरको ध्यान तानेको छ । जिम्मेवार बन्न र जनतासँग जोडिन पनि बाध्यकारी बनाएको छ । यो घटनाले माओवादी कित्ताको ध्रुविकृत हुन सहज बनाएको छ ।*

अग्रलेख



● लेखराज रेग्मी

धेरैलाई लाग्नसक्छ प्रचण्डले युद्धको घोषणा नगरिदिएको भए मानिसहरु मारिने थिएनन् । तर, छिन्ताङमा भएको आम नरसंहार व्यहोर्ने जनताले जनयुद्धको घोषणा गरेका थिएनन् र त्यतिबेला प्रचण्ड कुनै पार्टीको ठूलो नेता पनि थिएनन् । तर, व्यवस्था परिवर्तन भएर बहुदलीय संविधान बन्दापनि छिन्ताङले न्याय पाएन । जनमत संग्रहपछि बहुदलमा मतदान गर्ने थवाङमाथि ज्यादती भयो तर, ज्यादती गर्नेहरु व्यवस्था परिवर्तन भएर पनि दण्डित भएनन् । मल्लिक आयोगले किटान गरेका अपराधीहरुले अभयदान पाए । केही थान नेताहरुका मुद्दा फिर्ता र 'आममाफी'सँग जनतासँगको आपराधिक दमन साटियो । रक्तमुछेल गाउँ बस्तीहरुसँग यस्तो सौदाबाजी गर्ने शाहस माओवादीभित्र भैदिएको भए शान्ति सम्झौतामा हस्ताक्षर भएकै दिन प्रचण्डहरुका सबै मुद्दा राफसाफ हुने थिए । यो नैतिक स्थितिप्रति पंक्तिकारको सम्मान छ, जसले दुवै पक्षलाई समान ढंगले जिम्मेवार बनाउने प्रस्ताव अगाडि ल्यायो ।

तत्कालिन समय नेपाली शासक सिधै बाह्य निर्देशन र लगानीमा युद्ध अगाडि बढाउन चाहन्थ्यो । प्रधानमन्त्रीको हैसियतमा गिरिजाप्रसाद कोइरालाले सेना परिचालन गर्न चाहेको कुरा सार्वजनिक भैसकेको छ । दरबार हत्याकाण्डपछि राजा ज्ञानेन्द्र शाहले २०१७को बाटो रोजे । यसले पश्चिमाको मिसनलाई या त कमजोर बनाउथ्यो वा दुनियामा बदनाम गराउथ्यो । इण्डो-चीनमा व्यहोरेको सास्ती र बदनामीबाट बच्न पश्चिमा शक्ति राजा र नेपाली कांग्रेसको सहकार्य चाहन्थ्यो । ठूलो बार्गेनिङ्ग पनि चल्यो । यति नै बेला गद्दी छोडेर आए 'आजीवन राष्ट्राध्यक्ष' बनाइदिने कुरा पनि सार्वजनिक भैरहेको थियो । गिरिजाप्रसादले संवैधानिक होइन 'आलङ्कारिक राजा' भनेको कुरा त्यहि प्रसँगमा हो र राजाले "म दाई जस्तो होइन" भनेको पनि त्यहि प्रसँगमा हो । यसले नेपाली कांग्रेस दरबारलाई र दरबार नेपाली कांग्रेसलाई विश्वास गर्ने स्थिति बनेन ।

अर्कोतिर, माओवादीमाथि खुला र सकारात्मक चिन्ताकासाथ युद्ध रोकेर आउन दबाव बढीरहेको थियो । यो स्थितीको लाभ लिँदै शान्तिवार्ता र राजाको शक्ति खोस्ने एजेण्डामा पश्चिमा शक्ति बाध्यात्मकरूपमा सहमत भयो । बाह्र बुँदे सहमतिको आज जसरी बदनाम गरिँदैछ जसमा दरबारिया पराजयको पीडा मिसिएको सहजै महसुस भेटिन्छ । बाह्र बुँदे सहमतिको बाह्य वातावरण अनुकुल हुनुमा पनि यही कुरा सत्य हो । तर, २०६२/६३ को आन्दोलनप्रति पश्चिमासहित बाह्य शक्ति सहज थिएनन् भन्ने बुझ्न कुनै समस्या छैन ।

यतिबेला माओवादी शक्तिको क्षयिकरण, देशलाई 'टु पार्टी सिस्टम'मा लाने तथा सामाजिक सांस्कृतिक शक्तिहरुलाई उपयोग गर्दै जनता र देशको हितका एजेण्डा खोस्ने, नवनाजीवादलाई प्रोत्साहन गर्दै फासिष्ट सत्ता र आम दमनको लागि वातावरण बनाउन लागि परेको पाइन्छ । माओवादी नेतृत्वले बुझ्न नचाहेको र नकारात्मक परिणामसमेत देखिएका घटनाहरुमा शान्ति प्रक्रियामा जस लिने आकांक्षासँगै आफुलाई शान्ति




> *१५ वर्षसम्म सत्यनिरूपण तथा मेलमिलाप आयोगलाई अल्झाउने काम भयो । यसले स्वयम् माओवादी पार्टीमा त बिग्रह ल्यायो नै माओवादी जनमतमा पनि ठूलो ह्रास ल्यायो । यसले जनतामा निराशा तथा वितृष्णाको खेती मौलायो । यो सबैको लागि सुनियोजित ढंगले वातावरण बनाइँदै थियो ।*

प्रकृयाप्रति जिम्मेवार र जवाफदेही महसुस गर्नेगरी गिरिजाप्रसादमा आएको परिवर्तन र यसबाट लाभ लिने सवालमा माओवादीपक्षमा देखिएको गम्भीर लापरबाही नै हो प्रचण्डले 'गिरिजालाई राष्ट्रपति नबनाउनु ठूलो भूल भएको' भनेर स्वीकारीसकेका छन् । यो कमजोरीका कारण १५ वर्षसम्म सत्यनिरूपण तथा मेलमिलाप आयोगलाई अल्झाउने काम भयो ।

यसले स्वयम् माओवादी पार्टीमा त बिग्रह ल्यायो नै जनमतमा ह्रास, जनतामा निराशा तथा वितृष्णाको खेती मौलायो । यो सबैको लागि सुनियोजित र षड्यन्त्रपूर्ण ढंगले वातावरण बनाइँदै थियो । युक्रेन युद्धमा पश्चिमा बदनाम र कमजोर हुँदै जानु, ताइवान समस्या उसको लागि गलपासो हुनु, पाकिस्तान चीनबिरोधि क्याम्पमा जान अनिच्छुक देखिनु, भारत रुसविरुद्ध खुलेर जान नसक्नु आदि कारणले अमेरिकी क्याम्प अत्तालिएको स्थितिमा यो अदालती प्रकरण अगाडि आएको छ । राजा र नेपाली कांग्रेसको सहकार्य र कम्युनिष्ट विरोधी मोर्चामा प्राप्त असफलतापछि पश्चिमा शक्ति नेपालभित्र 'माइक्रो म्यानेजमेन्ट'मा लागेको छ । राजावादीहरुलाई समेत लिएर एमाले गठबन्धन बनाएर एक्लो पार्दै माओवादी सिध्याउने खेल सुरु भैसकेका छन् । जुन पृष्ठभूमिमा देखिएका अनेकन घटनाले स्पष्ट पार्दछ । तर, यसमा पनि पश्चिमा क्याम्प त्यति सफल हुने देखिँदैन ।

नेपालको सन्दर्भमा पश्चिमा शक्तिको चलखेललाई भारत र चीन दुवैले रुचाइरहेका छैनन् । यही परिवेशमा केही माओवादी पीडितको कमजोर कडीमा टेकेर अदालतलाई पङ्गु बनाएर फासिवादको खेती गर्ने बाह्य अभिप्रायमा आफ्ना गोटीहरुमार्फत यो खेल भैरहेको आभाष हुन्छ । अदालतमा मुद्दा परेसँगै टुटफुट भएका माओवादी पक्षहरुले जुन एकता प्रदर्शन गरेका छन्, यसले एकैसाथ पश्चगामी तथा साम्राज्यवादी महत्वाकांक्षामाथि पानी खन्याइदिएको छ । तर अभिव्यक्तिमा देखिने दम्भ, जनजीविकाका विषयमा आन्दोलन सिर्जना गर्ने सवालमा वितृष्णा, राजनैतिक सहकार्यको घेरा फराकिलो पार्न कुटनैतिक पहलमा अनिच्छा यस्ता प्रश्नहरु हुन जसलाई समय भित्रै सच्याउन आवश्यक छ ।

अदालती प्रपञ्चमा रिटमाथिको दरपीठ खारेजी ठूलो समस्या होइन, बहस हुनेछन् र न्यायिक निरूपणको ढोका खुल्नेछ । अदालतले 'टिआर सी' बिलम्बलाई कारण देखाउँदै 'सेफ लैण्डिङ' गर्दै केही आदेश फरमान गर्नेछ । निर्णय चित्त नबुझे टिआर सीविरुद्ध सर्वोच्च जाने ढोका खोलिने छ र यसपटकको अदालती प्रकृया 'फास्ट ट्र्याक'बाटै बिट मारिने छ । यसबाहेक तात्कालिक राजनैतिक घटनाक्रमले पनि यो प्रकृयामा घिउ थप्ने काम गरेका छन्, त्यसको सीमा प्रचण्डको मानमर्दन नै हो । जो एकहदसम्म सफल त भएको छ तर, उनीहरु पर्दाभित्रै खुम्चिनेछन् । खतरा मोल्ने साहस त्यति नपलाउला ।

माओवादीको पंक्तिभित्र सम्भावित घटनाहरुबारे यसअघि नै चर्चा नभएका होइनन् । नेतृत्व तहलाई पनि तल्लो तहले खबरदारी नगरेको होइन । यदि समयमानै ख्याल गर्न सकेको भए यो स्थिति पनि आउने थिएन । तर, पनि यो घटनाले केही महसुस गराएको छ, एकजुट हुने सन्देश दिएको छ । जनताको ध्यान तानेको छ । जिम्मेवार बन्न र जनतासँग जोडिन सक्दा यो घटनाले ध्रुविकरणलाई सहज बनाउन सक्छ । यसबाट लाभ लिने हैसियतको खोजी भैरहेको छ । तर, यसलाई प्रचण्डको व्यक्तिगत समस्या बुझ्ने, वेवास्ता गर्ने प्रवृत्ति आफ्नै पार्टीभित्र पनि एकहदसम्म देखिन्छ । योचाहिँ आत्मघाती हुनसक्छ । माओवादीभित्रको टिम सच्चिन सच्याउन आवश्यक छ ।

*(रेग्मी माओवादी केन्द्रका नेता हुन् ।)*

## सामाजिक सञ्जाल



- चन्द्र श्रेष्ठ

मरूभूमिमा रगत पसिना बगाएर होस् या स्वदेशमा नै दैनिक ज्यालादारी गरेर आम्दानी गरेको केही रकम बचत गर्न चाहन्छन् । तर, सुरक्षीत देखिएन ! गाउँ-गाउँमा सहकारी, घरघरमा भकारी भन्ने नारा सँगै झरिका च्याउ सरी उम्रीएका सहकारी नै आज नागरिकका लागि अभिशाप हुँदा पनि मलम-पट्टी लगाउने निकाय भेटिँदैन !



- मुमाराम खनाल

प्रम दाहालले भनेजस्तै कर्मचारीको 'ओभर स्टाफिङ्ग', संस्थाहरूको 'ओभरल्यापिङ्ग' र अनावश्यक संरचनाहरूको कटौती गर्न आफ्नै नेतृत्वमा 'उच्चस्तरीय प्रशासन सुधार आयोग' गठन गर्ने कुरा स्वागतयोग्य छ । तर, प्रम दाहाल सरकारको अस्थायी राजनैतिक समीकरणको क्षतिपूर्तिवापत यस्तो गम्भीर नीतिगत कुरा नआओस् ।



- शरदराज पाठक

राज्यका विभिन्न पदमा भएभरका कार्यकर्ता नियुक्ति गर्ने । नियुक्ति गरेकोमा पैसा लिने । राज्य कोषबाट तलब दिलाउने, लेबी काट्ने र पार्टी कोषमा जम्मा गर्ने । त्यही कोषसमेतको बलमा अर्को चुनाव जित्ने । यो चक्र चलाइरहने । उनै दलका नेताले सुशासन, राज्यकोषको मितव्ययी उपयोगको प्रवचन सुनाउने ?



- उद्धवराज भेटुवाल

